श्री जल विनायक सामुदायिक वन उपभोक्ता समूह,

कीर्तिपुर-६, काठमाडौं

# गोलिया काठको बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०६/२९

श्री जल विनायक सामुदायिक वन उपभोक्ता समूह, कीर्तिपुर-६, काठमाडौंको वनबाट उत्पादित समूहको घाटगद्दीमा निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म वा कम्पनीले यो सूचना आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनसम्ममा सिलबन्दीको बोलपत्र दाखिला गर्न यो सूचना आह्वान गरिन्छ ।

## तपसिल

**१.वन पैदावारको विवरणः**

| | वन पैदावार | | | | | | मुल्यांकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट न. | जात | किसिम | थान | ईकाई | परिमाण | न्युनतम | कटान खर्च |
| १ | १ | खोटे सल्ला (वि ग्रेड) | गोलिया | ३३१ | क्यू.फि. | ११२९.५० | १६९४२५.०० | ३३९,७४९.५७ |
| २ | | काईयो | गोलिया | ३०२ | क्यू.फि. | ९६८.८३ | ९६८८३.०० | |
| ३ | | उतिस(वि ग्रेड) | गोलिया | १५ | क्यु.फि. | ५३.८१ | ८०७१.५० | |
| ४ | | बैंस | गोलिया | ४ | क्यु.फि. | २.४७ | २४७.०० | |
| ५ | | बकाईनो | गोलिया | ४ | क्यू.फि. | ९.४० | ९४०.०० | |
| | | कुल जम्मा | | ६५६ | | २१६४.०१ | २७५,५६६.५० | |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०७/१९

(ख) समयः दिनको १:०० बजेसम्म (बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा बिदा पछि कार्यालय खुल्ने दिन दिनको १:०० बजेसम्म दाखिला गर्नु पर्नेछ)

३. वोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको ग्लोबल आईएमई (Global IME) बैंक टि.यु. कीर्तिपुर शाखामा रहेको खाता नं. ००५०१०१०००००४८२ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

Scanned with CamScanner

४. बोलपत्र फाराम प्रति लटको रु.३००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय काठमाडौ तथा सब डिभिजन वन कार्यालय, थानकोटबाट खरिद तथा दाखेला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०७/१९ गते दिनको १.३० बजे साक्षीहरूको रोहवरमा यस समूहको कार्यालयमा खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य, अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

११. प्रस्तुत बोलपत्र सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षको हुनेछ ।

१२. रीतपूर्वक नभएको वा म्याद नाघी प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१३. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले कालो सूचिमा नपरेको व्यहोरा स्वघोषणा गर्नु पर्नेछ ।

१४. थप कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

Scanned with CamScanner